# खपको पहिचान

## कक्षा २



स्थानीय पाठ्यक्रम

भक्तपुर नगरपालिका

स्थानीय पाठ्यक्रम (परिमार्जित)

२०८२




नागपञ्चमीमा टाँसिने नागको चित्र




नागपञ्चमी मनाइँदै

# भक्तपुर नगरपालिका

परिमार्जित स्थानीय पाठ्यक्रम

२०८२

# ख्वपको पहिचान

## आधारभूत शिक्षा

## कक्षा २

**प्रस्तुतकर्ता**

स्थानीय पाठ्यक्रम निर्माण तथा परिमार्जन कार्यदल :

१. योगेन्द्रमान बिजुक्छें

२. सिद्धिरत्न शाक्य

३. उद्धव सुजखु

४. रोशनराज तुइतुईं

५. राजेन्द्रप्रसाद श्रेष्ठ

**प्रकाशक**
भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

**ले–आउट**
दत्तात्रय डिजाइन एण्ड प्रि–प्रेस
भक्तपुर, ९८४९६८४८०१

**सर्वाधिकार © : प्रकाशकमा निहित**
दोस्रो संस्करण : वि.सं. २०८२
प्रथम संस्करण : वि.सं. २०७६

**मुद्रण**
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

---

कभर फोटो : इही संस्कार गरिँदै

| क्षेत्र | शीर्षक | पृष्ठ |
|---|---|---|
| क्षेत्र १ | 'ख्वप दे'को चिनारी | १ |
| क्षेत्र २ | ख्वपको इतिहास | २ |
| क्षेत्र ३ | स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ३ |
| | (क) ख्वपमा पाइने थरहरू | ३ |
| | (ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | ४ |
| क्षेत्र ४ | स्थानीय बोलीचाली र लिपि | ५ |
| | (क) स्थानीय बोलीचालीका वाक्यहरू | ५ |
| | (ख) घरका तलाहरू, यामहरू, नाप तथा तौल | ५ |
| | (ग) स्थानीय बोलीचाली भाषामा आफ्नो स्वास्थ्यबारे जानकारी | ७ |
| क्षेत्र ५ | व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा | ८ |
| क्षेत्र ६ | स्थानीय विविध संस्कृति | ९ |
| | (क) श्रीपञ्चमी | ९ |
| | (ख) नागपञ्चमी | ११ |
| क्षेत्र ७ | प्रचलित स्थानीय संस्कारहरू | १४ |
| | (क) कयूता पूजा (व्रतबन्ध) | १४ |
| | (ख) चुडाकर्म | १५ |
| | (ग) इहि (बेल विवाह) | १७ |
| क्षेत्र ८ | स्थानीय कला र सम्पदाहरू | १८ |
| | (क) स्थानीय बाजाहरू | १८ |
| | (ख) स्थानीय नाचहरू | १९ |
| | (ग) स्थानीय मन्दिरहरू | २१ |
| क्षेत्र ९ | स्थानीय व्यवसाय, सीप र प्रविधि | २२ |
| | (क) कृषि औजार | २२ |
| | (ख) माटाका सामानहरू | २३ |
| | (ग) लुगाफाटा | २३ |
| | (घ) खाद्य परिकार | २४ |
| क्षेत्र १० | स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | २६ |
| क्षेत्र ११ | स्थानीय खेल | २७ |
| क्षेत्र १२ | स्थानीय पर्यटन | २८ |
| समष्टिगत मूल्याङ्कन अभिलेख | | २९ |
| निरन्तर मूल्याङ्कन प्रणाली | | ३० |

जय नगरपालिका
भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ९६२ मितिः- २०८२।४।२
चलानी नं. : २५२

# नगर प्रमुखको भनाइ

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारअनुसार वि.सं २०७५ सालदेखि २०७८ सालसम्म प्रत्येक वर्ष दुई दुई वटा कक्षाहरूको पाठ्यक्रम तयार गरी चार वर्षमा कक्षा १ देखि ८ सम्म नगरका ९२ वटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गर्‍यौं । स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्ताका बालबालिकाहरूलाई भक्तपुरको विशेषता र पहिचानकाबारे अवगत गराउने हाम्रो उद्देश्य हो । भक्तपुर नगर प्राकृतिक रूपमा धनी नभए पनि आफ्नै मौलिक संस्कृति, सम्पदा, परम्परागत ज्ञान, सीप र सभ्यतामा अब्बल छ ।

पाठ्यक्रम लागु भएको विगतका केही वर्षमा प्रत्यक्ष अनुभव हुनेगरी विद्यालयमा पढ्ने बालबालिकाहरूमा आफ्ना संस्कृति, सम्पदा र परम्पराकाबारेमा चासो बढेको र यसलाई आत्मसात गर्न थालेको कुरा गत वर्ष मंसिर २८ गतेदेखि पुस २ गतेसम्म सम्पन्न पाँच दिने भक्तपुर महोत्सवले पनि पुष्टि गरिसकेको छ । जन्मदेखि मृत्यु पर्यन्त नेवारी संस्कारगत क्रियाकलापको प्रदर्शनीमा विद्यालयमा पढ्ने बालबालिकाको सहभागिताले यसलाई पुष्टि गर्यो । हाम्रो आफ्नै सम्पदा र जीवनशैलीका बारेमा उनीहरूमा थप कौतुहलता स्थानीय पाठ्यक्रमको पठनपाठनले जगाईदिएको छ । विभिन्न अन्य पालिकहरू पनि हाम्रो यस प्रयासका बारेमा चासो राख्दै स्थानीय पाठ्यक्रम निर्माण गर्न उत्साहित भए । यसमा हामी सबै खुशी छौं ।

समय समयमा पाठ्यक्रमलाई परिमार्जन पनि गनुपर्ने मान्यताअनुसार विभिन्न सुझावहरू पनि हामीले प्राप्त गर्यौं । ती सुझावलाई केलाउँदै हामीले पाठ्यक्रम निर्माण कार्यदलका साथीहरूसंग निरन्तर छलफल पनि गर्यौ र आवश्यक परिमार्जनका लागि सोही कार्यदललाई परिमार्जनका लागि पहल गर्न जिम्मेवारी दियौं । करिब ९ महिनाको निरन्तर प्रयासमा कार्यदलले हामीलाई परिमार्जित पाठ्यक्रमको मस्यौदा बुझायो र त्यसमा आवश्यक छलफल र पृष्ठपोषणसहित हामीले यसलाई अन्तिम चरणमा पुर्‍यायौं । परिमार्जन गर्ने कार्यदलका साथीहरु, स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरू तथा लागु गर्न सहजीकरण गर्ने सबै प्रधानाध्यपकहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछौं । पहिलेका वर्षहरूमा जस्तै यसको पठन-पाठनलाई अझ व्यवस्थित रुपमा अगाडि लैजान सबै सरोकारवालाहरुले आआफ्नो स्थानमा रहेर सकारात्मक भूमिका खेल्नुहुनेछ भन्ने आशा गर्दछौं ।

२०८२।४।२

सुनिल प्रजापति

प्रमुख

प्रमुखः ६६१००९६, उपप्रमुखः ६६२०६७०, प्रशासन शाखाः ६६१३९५७, प्रमुख प्रशासकीय अधिकृतः ६६१००७६, लेखा शाखाः ६६१२७२१, योजना शाखाः ६६१४८१३
ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेभसाईट :- www.bhaktapurmun.gov.np

# हाम्रो भनाइ

पाठ्यक्रम निर्माणको प्रक्रियामा पाँच वर्षमा परिमार्जन र दश वर्ष पश्चात् परिवर्तन गरिनुपर्ने मान्यता रहिआएको छ । भक्तपुर नगरपालिकाद्वारा निर्मित यस स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' निर्माणको शुरुवातको वर्ष वि.सं. २०७५ थियो । सो वर्ष कक्षा १ र ६ को, दोस्रो वर्ष २०७६ मा कक्षा २ र ७, तेश्रो वर्ष २०७७ मा कक्षा ३ र ८ तथा चौँथो वर्ष २०७८ मा कक्षा ४ र ५ को पाठ्यक्रम तयार गरी सो चौँथो वर्षमा कक्षा १ देखि ८ सम्म पूर्ण लागुसमेत भएको सर्वविदितै छ । पाठ्यक्रम निर्माणको पहिलो वर्ष २०७५ सालबाट गणना गर्दा पाठ्यक्रम लागु भएको ७ वर्ष तथा चौँथो वर्ष २०७८ बाट गणना गर्दा ४ वर्ष पूरा भइसकेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम लागु भएको वर्षदेखि नै पाठ्यक्रमका विविध पक्षका बारेमा निर्माण कार्यदलले पनि निरन्तर अध्ययन गर्दै आयौँ । अपेक्षा अनुसार परिमार्जन गर्दा ध्यान दिनुपर्ने विभिन्न विषय तथा सुझावहरु समेत निरन्तर प्राप्त गर्दै आयौँ । विशेषतः कक्षामा पढाउने शिक्षकहरुबाट पाठ्यक्रममा गरिनुपर्ने सुधारका बारेमा गहकिलो सुझावहरु प्राप्त भयो । देशभरिमा नै पालिकास्तरमा पहिलोपल्ट लागु भएको स्थानीय पाठ्यक्रको पठनपाठन कसरी भइरहेको छ भन्ने बारेमा नगरपालिका स्वयं पनि चनाखो रह्यो । पठनपाठन सहज होस् भन्ने उद्देश्यले नगरपालिकाले दुई विज्ञहरुलाई कक्षा अवलोकन र अनुगमनको व्यवस्था पनि गऱ्यो ।

पाठ्यक्रम लागु भएको २/३ वर्षमै आफ्ना नानीहरुले स्थानीय सम्पदा र संस्कृति सम्बन्धी चासो राख्न थालेका कुराहरुलाई धेरै अभिभावक, जनप्रतिनिधि तथा शिक्षकहरुले सकारात्मक रुपमा लिएको बुझियो । यसका साथै नैतिक शिक्षा तथा व्यवहारजन्य सीप र ज्ञानका बारेमा पनि पाठ्यक्रममा समावेश गरिनुपर्ने सुझाव निरन्तर आइरह्यो । कुनै विषयवस्तुहरु तल्लो कक्षाबाट माथिल्लो कक्षामा राखिनुपर्ने र कुनै माथिल्लोबाट तल्लो कक्षामा लैजानुपर्नेदेखि लिएर पाठ्यपुस्तकको व्यवस्था गरिए पठन–पाठन सहज हुने सुझावहरु निरन्तर प्राप्त भइरह्यो । यी यावत् सल्लाह र सुझावहरुलाई कार्यदलले नगरपालिकको शिक्षा समितिमा  जानकारी गरायो । शिक्षा समितिले यस विषयमा आवश्यक छलफल गरी पाठ्यक्रम परिमार्जनका लागि निर्माण कार्यदललाई नै जिम्मा लगायो ।

पाठ्यक्रम परिमार्जनका प्रक्रियाहरुको मान्यतालाई अनुसरण गर्दै पाठ्यक्रमले लिएका उद्देश्य अनुरुप विद्यार्थीहरुले ख्वपका बारे हासिल गरेका आधारभूत ज्ञानको तह थाहा पाउन कार्यदलले विगत ५/६ वर्षदेखि स्थानीय पाठ्यक्रमको अध्ययन गरेका आठ कक्षाका विद्यार्थीहरुमध्ये करिब २५ प्रतिशतलाई उपलब्धि परीक्षण (Achievement Test) २०८१ पुस महिनामा सम्पन्न गरी प्राप्त तथ्यहरुको विश्लेषण गरियो । साथै, सो विश्लेषणलाई नगरपालिका शिक्षा समिति, पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरु, जनप्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरु माझ प्रस्तुत गरी छुट्टाछुट्टै छलफल तथा परामर्श बैठकहरु गरी सुझाव सङ्कलनसमेत गरियो । यी नै सुझावहरुका आधारमा फागुन/चैत्र देखि परिमार्जन कार्यलाई सघन रुपमा अगाडि बढाइयो र परिमार्जित पाठ्यक्रमको पहिलो मस्यौदा नगरपालिकालाई श्रावण महिनामा बुझाइयो । नगर कार्यपालिकाबाट परिमार्जित पाठ्यक्रम सुझावसहित श्रावण महिनामै अनुमोदन भयो ।

परिमार्जित पाठ्यक्रमका विशेषताका बारेमा भन्नुपर्दा 'व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा' नामक नयाँ एकाइ थप गरी १२ एकाइ पुऱ्याइएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७८ अनुरुप कक्षा १ देखि ३ सम्म परिवर्तित निरन्तर मूल्याङ्कन (CAS) प्रणाली तथा कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मकको व्यवस्था गरिएको छ ।

वागमती प्रदेशले नेपालभाषा र तामाङ्ग भाषालाई सरकारी कामकाजी भाषाको मान्यतासमेत दिइसकेको तथा ख्वपका विद्यालय र कलेजहरुमा तामाङ्ग भाषाभाषी विद्यार्थीहरुको सङ्ख्या बढ्दै गएको तथ्यलाई मनन गरी स्थानीय केटाकेटीहरुले पनि तामाङ्ग भाषाका सामान्य बोलीचालीका शब्द र वाक्यहरु सिकून् भन्ने उद्देश्यले कक्षा ६ देखि ८ सम्म चौँथो एकाइमा स्थानीय नेपालभाषासँगै तामाङ्ग भाषालाई पनि समावेश गरिएको छ । कक्षा १ देखि ८ सम्मका पाठ्यभार तथा मूल्याङ्कन ढाँचा लेटर ग्रेडिङ पद्धति २०७८ अनुसार मिलाइएको छ । पाठ्यक्रमको आधारमा पठनपाठन गर्न सहज बनाउन परिमार्जित पाठ्यक्रममा सम्भावित शिक्षण सिकाइलाई केही विस्तृत बनाइएको छ भने नयाँ सन्दर्भ सामग्री भाग ४ र ५ को प्रकाशन तथा भक्तपुर नगरपालिकाको मासिक प्रकाशन भक्तपुर मासिकमा छापिएका विभिन्न आलेखहरुको सङ्ग्रहसमेत छुट्टै प्रकाशनले शिक्षकहरुलाई पर्याप्त सन्दर्भ सामाग्री उपलब्ध हुने विश्वास लिएका छौं ।

अन्तमा, पाठ्यक्रम परिमार्जनको कार्यमा सहयोग गर्नुहुने शिक्षकहरु, जनप्रतिनिधिहरु लगायतका अन्य सरोकारवालाहरुलाई परिमार्जन कार्यदल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । सन्दर्भ सामाग्रीका लागि पाठ्यक्रमसँग सम्बन्धित विविध विषयहरुमा आलेखहरु लेखी सहयोग गर्नुहुने सबै विद्वत वर्गहरु, तामाङ भाषाको लागि सहयोग गर्नुहुने शिक्षक राजु तामाङ र आलेख सङ्कलन र टाइपिङ्ग गरी यस कार्यमा सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरु, लेआउट डिजाइनमा सहयोग गर्नुहुने रश्मी खागी, कार्यदलको सचिवालयको लागि स्थान उपलब्ध गराई कम्प्युटर, प्रिन्टर, छपाइ तथा मसलन्द सामग्रीको व्यवस्था र अन्य आवश्यक सहयोग गर्नुभएकोमा विद्यार्थी निकेतन मा.वि. तथा शारदा मा.वि.लगायत सबैमा साधुवाद ।

स्थानीय पाठ्यक्रम परिमार्जन कार्यदल
भक्तपुर नगरपालिका
श्रावण, २०८२

# भूमिका
# (पहिलो संस्करण २०७६)

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक तथा भौगोलिक विविधतायुक्त देश हो। विश्वका विभिन्न देश र स्थान विशेषमा यस्ता विविधताहरू स्थानीय ज्ञान, सीप, भाषा, परम्परा र संस्कृतिसँग अन्योन्याश्रित सम्बन्ध हुन्छन् । यी रैथाने ज्ञान, सीप, परम्परा र संस्कृति एक दिनमा प्राप्त भएका अवश्य होइनन् । मानव सभ्यता विकासका हजारौं वर्षको क्रममा हासिल गरेका यी ज्ञान र सीप कुनै एक देश विशेषका मात्र नभई सम्पूर्ण मानव जातिकै सम्पत्ति मानिन्छन्। तर सोह्रौ –सत्रौं शताब्दीदेखि पश्चिमा मुलुकहरूबाट ल्याटिन अमेरिकी, एशिया र अफ्रिकी देशहरूलाई उपनिवेश बनाउने क्रम थालिएसँगै स्थानीय ज्ञान, सीप र संस्कृति मास्ने काम पनि शुरू भयो। औद्योगिक क्रान्ति, उत्तर विश्वयुद्धकाल र बीसौं शताब्दीको उत्तरार्द्धसँगै शुरू भएको भूमण्डलीकरणको प्रभावमा बेपर्वाहसँग गरिएका आधुनिकीकरण र शहरीकरणले स्थानीय ज्ञान र सीप थप ओझेलमा पर्न गयो ।

तर आज विश्वका विभिन्न विश्वविद्यालयमा कार्यरत उत्तर औपनिवेशिक विद्वत वर्गले यस्ता स्थानीय ज्ञान र सीपको महत्वको बारेमा खोज अनुसन्धान गरी यसको संरक्षण र प्रवर्धनको बारेमा बहस चलाउन थालेका छन् । साथै संयुक्त राष्ट्रसङ्घ तथा युनेस्कोको तत्वावधानमा स्थानीय ज्ञान र सीपहरूको संरक्षण र विकासको लागि विभिन्न अभिसन्धि र महासन्धिहरूको निर्माण भएका छन्। आज यस्ता स्थानीय वा रैथाने ज्ञान, सीप, परम्परा र संस्कृतिलाई कुनै देश विशेषको भन्दा पनि विश्वकै सम्पदाको रूपमा अङ्गीकार गर्न थालिएको छ । हाम्रो देशको सन्दर्भमा पनि यस्ता रैथाने ज्ञान, सीप र परम्पराको संरक्षण र प्रवर्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नु स्थानीय, प्रान्तीय र सङ्घीय तीनै तहका राज्यको समेत दायित्व हुनआएको छ ।

यही पृष्ठभूमिमा स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधार तयार भएको देखिन्छ । साथै, शैक्षिक विकेन्द्रिकरणको अवधारणा तथा विविधतायुक्त देशमा केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय ज्ञान, सीप, विशेषता र आवश्यकतालाई समेत प्रतिनिधित्व र सम्बोधन गर्न नसकिने भएकोले स्थानीय पाठ्यक्रमको निर्माण स्थानीय ज्ञान, सीप र स्रोतहरूको आधारमै निर्माण गर्नुपर्ने व्यवस्था गरिएको छ । समाजको समुचित र सन्तुलित विकासको लागि स्थानीय आवश्यकता तथा रूचिको उचित सम्बोधन गर्न स्थानीय पाठ्यक्रमले सहयोग गर्न सक्दछ । स्थानीय आवश्यकता र चाहनालाई समेटेर स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने गरिन्छ । नेपालको विद्यालय शिक्षाको सुधार गर्न ल्याइएको राष्ट्रिय पाठ्यक्रम प्रारूपमा शैक्षिक क्षेत्रमा देखिएका स्थानीय मुद्दा र चुनौतीलाई समाधान गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिइएको छ । जसको उद्देश्य पूरा गर्नको लागि स्थानीय सरोकारवालाहरू जस्तै बुद्धिजीवी, शिक्षक, शिक्षाविद्, समाजसेवी, अभिभावक आदिको प्रत्यक्ष संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गरिन्छ ।

स्थानीय निकाय सञ्चालन ऐन २०७४ ले माध्यमिक शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिए अनुसार यहाँको स्थानीय आवश्यकतालाई ध्यानमा राखेर सम्भवतः नेपालमा नै पहिलो पटक स्थानीय तहबाट स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा ल्याउन भक्तपुर नगरपालिकाले पहल गर्‍यो । यसको लागि भक्तपुर नगरपालिकाले २०७४ माघ २३ गते योगन्द्रमान बिजुक्छेको संयोजकत्वमा प्रा. सिद्धिरत्न शाक्य, उद्धव सुजखु, रोशनराज तुइतुई तथा राजेन्द्रप्रसाद श्रेष्ठ सम्मिलित पाँच सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी सो कार्यदललाई कक्षा १ र ६ को लागि स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७५मा भक्तपुर नगर भित्रका सम्पूर्या विद्यालयमा लागु गरिउको थियो। यसै निरन्तरता स्वरुप कार्यदलले पाठ्यक्रम वनर्माण गर्दा अपनाउनु पर्ने विषयलाई आत्मसात गरी कार्य अगाडी बढाइयो। भक्तपुर नगरपालिका र कार्यदलको आपसी छलफलबाट २०७६ सालमा कक्षा २ र ७ को स्थानीय पाठ्यक्रम तयारीको क्रममा सम्बन्धीत पक्षहरु, विज्ञ समूह तथा जनप्रतिनीधीहरुसंग कार्यहालाहरु संञ्चालन गरियो। जसबाट प्राप्त सुझावहरु र कार्यदलमा रहेका विषयवस्तुहरुलाई कक्षा २ र ७ लाई उपयुक्त आधारमा छनौट गरी पाठ्यक्रमको मस्यौदा तयार गरी पेश गरिएको छ ।

यस पाठ्यक्रमको कार्यान्वयन पक्ष अझ महत्वपूर्ण रहेको छ । यसको लागि सबै पक्षको सामुहिक प्रयास र प्रतिबद्धताको जति आवश्यक हुन्छ यसको अपनत्वको ग्रहण पनि उतिकै खाँचो हुन्छ । पर्याप्त समयाभावको कारणले यस मस्यौदालाई परिष्कृत गर्न सकिने ठाउँ अझै पनि बाँकी रहेको कार्यदलले महसुस गरेको छ । अर्को संस्करणको लागि सम्पूर्ण सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा पनि गरिएको छ ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
भक्तपुर नगरपालिका
२०७६

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक
तह : आधारभूत शिक्षा तह

पूर्णाङ्क : १००
उत्तीर्णाङ्क :
प्रतिहप्ता पाठघण्टी : ५ जम्मा पाठघण्टी : १६०

**पाठ्यक्रम परिचय**

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझाबअनुसार स्थानीय विषयवस्तुहरू समावेशगरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ । यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले "ख्वपको पहिचान" नामकरण गरी तयार पारिएको छ । ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस् भन्ने लक्ष्य लिई यसअन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू : ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, व्यावहारिक शिक्षा, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रत्येक क्षेत्रमा समावेश गरिएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाइ गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ । यसमा परम्परागत शिक्षण विधिभन्दा बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइ सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

**साधारण उद्देश्य**

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाइपछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू (स्थानीय पक्षहरू) मा सक्षम हुनेछन् :

१. ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न ।
२. ख्वपको इतिहासको वर्णन गर्न ।
३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न ।
४. प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न
५. दैनिक जीवनमा आइपर्ने व्यवहारजन्य तथा शील-स्वभावजन्य व्यवहार प्रदर्शन गर्न ।
६. स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न ।
७. प्रचलित स्थानीय संस्कारहरूको महत्त्व बताउन ।
८. स्थानीय कला र सम्पदा पहिचान गर्न ।
९. स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न ।
१०. स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन ।
११. परम्परागत स्थानीय खेलहरू खेल्न ।
१२. पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न ।

# स्थानीय पाठ्यक्रम

शीर्षक : ख्वपको पहिचान | पूर्णाङ्क : १००
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | प्रतिहप्ता पाठघण्टी : ५
कक्षा : दुई | जम्मा पाठ घण्टी : १६०

## परिचय

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १–८) मा कक्षा २ को लागि तयार गरिएको स्थानीय पाठ्यक्रमको एक अंश हो । यस पाठ्यक्रममा राष्ट्रिय पाठ्यक्रमले नसमेटिएका स्थानीय विषयवस्तुहरू समावेश गरिएको छ । यस पाठ्यक्रममा रहेका विषयवस्तुहरूले भक्तपुर नगरको पहिचान तथा यहाँको कलासँस्कृतिको जानकारीको साथसाथै स्थानीय स्तरका विभिन्न पक्षहरूको बारेमा ज्ञान सीप र धारणाको विकास गराई आफू भक्तपुर नगर भित्र रहकोमा गर्व भएको महशुस गराउँछ ।

यस पाठ्यक्रममा आफू बसेको टोलमा रहेको सम्पदाहरू र विभिन्न संस्थाहरू, ख्वपका छ जना शहीदहरू, यहाँका प्रमुख मन्दिरहरू, नेवार जातीका विभिन्न थरहरू रहनुका आधारहरू, ख्वपका चार विशिष्ट व्यक्तित्वहरू, आचरणगत तथा अनुशासित आनिबानी, ख्वपबासीले मनाउने नखः र जात्राहरू, स्थानीय प्रचलित सँस्कारहरू, स्थानीय बोलीचाली नाप, तौल, तल्ला तथा स्वास्थ्य सम्वन्धी स्थानीय भाषामा बताउन तथा प्रचलित लिपी समेटिएका छन् । त्यसैगरी स्थानीय कला सम्पदा, स्थानीय सीप व्यवसाय तथा प्रविधि, भान्छाजन्य विशेष जटिबुटिहरू, स्थानीय बालगीत सहितका खेलहरू र स्थानीय पर्यटन जस्ता विषयवस्तुहरू समावेश गरिएको छ । यस पाठ्यक्रमको मुख्य विशेषताहरूमा सैद्धान्तिक भन्दा व्यवहारिक पक्षलाई जोड दिइएको छ । यसले आधुनिक विधि, बालकेन्द्रित शिक्षण क्रियाकलाप, अवलोकन, परियोजना कार्यलाई आत्मसात गरिएको छ भने विषयवस्तु भन्दा अवधारणालाई जोड दिएको छ ।

## कक्षागत सिकाइ उपलब्धिहरू

कक्षा दुईको अध्ययन पूरा गरेपछि ख्वपको पहिचान विषयमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. आफ्नो छिमेकी टोलहरूको नाम बताउन तथा आफ्नो टोलमा रहेको सम्पदाहरू र सार्वजनिक सेवा दिने संस्थाहरूकोपहिचान गर्न ।
२. ख्वपका चार विशिष्ट व्यक्तित्वहरूको नाम बताउन र चिन्न ।
३. ख्वपमा पाइने विभिन्न जातजातीहरूको थरहरू रहन गएको आधार बताउन ।
४. ख्वपबासीले मनाउने चाडपर्वहरू श्रीपञ्चमी र नागपञ्चमीबारे बताउन ।
५. ख्वपमा प्रचलित स्थानीय सँस्कार कय्ता पूजा र इहीको बारे बताउन ।
६. आचरणगत तथा अनुशासित आनिबानी प्रयोग गर्न ।
७. स्थानीय बोलीचालीका वाक्यहरू प्रयोग गरि कुराकानी गर्न तथा आफ्नो स्वास्थ्य र अरुको स्वास्थ्य बारेमा बुझाउन ।
८. स्थानीय भाषामा नाप, तौल, तल्ला, मौसम बारेमा बताउन ।
९. ख्वपमा रहेका प्रमुख मन्दिरहरूको परिचय दिन ।
१०. स्थानीय बाजागाजाहरूको छोटकरीमा परिचय दिन ।
१०. स्थानीय नाचहरूको छोटकरीमा परिचय दिन ।
११. स्थानीय कृषि औजारहरू कोल्हँ, पाखिप, नो, सलिचा, खुँई चिन्न ।
१२. माटोबाट बन्ने स्थानीय प्रयोगका सामानहरू पालाचा, चरा, देवा बनाउन ।
१३. बच्चाबेलामा लगाउने विभिन्न लुगाहरू भोटो, भोटो, लपुसा, मचातपुली को परिचय दिन ।
१४. खाद्य परिकारहरू खीर, ग्वार्चा र माय्गोजाबारे बताउन ।
१५. भान्छामा प्रयोग हुने विशेष प्रकारका मसलाजन्य जडिबुटीहरूको सुची तयार गर्न ।
१६. बालगीतसहितका स्थानीय रुपमा खेलिने खेलहरू खेल्न ।
१७. पर्यटनको परिचय दिई ख्वपमा आउने कुनै दशवटा देशको नाम बताउन ।

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१. ख्वपको चिनारी** | १. आफू बसिरहेको टोल र वडा नं. बताउन<br>२. आफ्नो छिमेकी टोलको नाम र वडा नं. बताउन र पहिचान गर्न | ❑ ख्वपमा आफू बसोबास गरेको टोलको नाम र वडा नं.जस्तैः भार्वाचो टोल, वडा नं. १, लिबाली टोल, वडा नं. ८<br>❑ आफ्नो वरिपरिको टोल र वडा जस्तैः भार्वाचोको वरिपरिका टोलहरू – दूधपाटी, वंशगोपाल, इटाछेँ | ❑ तपाईँ बस्ने टोलको नाम के हो भनेर सबैलाई पालै–पालो सोध्ने र आएको उत्तरलाई सेतोपाटीमा टिप्दै जाने ।<br>❑ ख्वप नगरअन्तर्गत पर्ने १० वडाहरू छुट्याइएको नक्सा देखाई उनीहरूका वडाहरू देखाई दिने र चिन्न लगाउने<br>❑ आकार वा क्षेत्रफलमा सबभन्दा ठूलो र साना वडा चिन्न लगाउने ।<br>❑ ख्वपको नक्सा देखाई आफू बसेको टोल देखाउन लगाउने ।<br>❑ आफ्नो विद्यालय अवस्थित टोलको नाम र वडा नं बताइसकेपछि सम्भव भएका वरपरका टोलहरू घुमाउन लाने ।<br>❑ विभिन्न टोलको तस्वीर देखाई छलफल गर्ने ।<br>❑ समूहमा छलफल गराउने । | १० वडामा विभाजित ख्वप नगरको नक्सा | १. उल्लिखित नक्सा देखाएर विभिन्न टोल र वडाहरूको पहिचान गराउने ।<br><br>२. छिमेकी वडाहरूको नक्सामा पहिचान गर्न लगाउने | ८ |
| | ३. आफ्नो टोल र वडामा अवस्थित मन्दिरको नाम बताउन ।<br><br>४. आफ्नो टोलमा वा घरको वरिपरि रहेका पाटी र ढुङ्गेधाराको सङ्ख्या बताउन । | ❑ आफू बसेको टोल जस्तै : बालाखुमा अवस्थित बालाखु गणेशको मन्दिर, सँगैको ढुङ्गेधारा आदिको पहिचान | ❑ आफ्नो विद्यालय अवस्थित टोल र वडाको नक्सामा स्थानीय मन्दिर, ढुङ्गेधारा, मठ, पाटीपौवा, पोखरीको चित्र टाँसेर देखाउने ।<br>❑ आफ्नो टोल र वडाको नक्सा कापीमा कोर्न लगाई ढुङ्गेधारा, मठ, पाटीपौवा, पोखरीको चित्र टाँस्न लगाउने र आयोजना कार्य गर्न लगाउने ।<br>❑ एउटै वडाका नानीहरूलाई आफ्नो वडाका मन्दिर, ढुङ्गेधारा, मठ, पाटीपौवा, पोखरीको चित्र ठूलो चार्ट पेपरमा नक्सा कोरी टाँस्ने समूह कार्यमा संलग्न गराउने । | प्रत्येक वडाको छुट्टाछुट्टै नक्सा र सोही बमोजिमको आउटलाईन नक्साको नमूना | ३. उल्लिखित नक्सा देखाएर विभिन्न टोल र वडाहरूको पहिचान गराउने ।<br><br>४. कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **२. ख्वपको इतिहास** | १. ख्वपको पुरानो स्वरूप बताउन । | ❑ ख्वप सहरको पुरानो र नयाँ स्वरूपको भिन्नताको बारे छलफल । | ❑ ख्वपको वर्तमान फोटोहरू देखाउँदै कस्तो छ भनी छलफल गराउने, जस्तै : घरहरू कस्ता छन् ? कति तला वा कति अग्ला छन् ? पछि पुराना फोटाहरू देखाउने र पहिलेकोसँग तुलना गरी छलफल गराउने । | ख्वपको सहर बजार तथा खेतबारीको चित्रहरू | १. ख्वपको पुरानो र नयाँ स्वरुपबारे कुनै दुई भिन्नता बताउनुहोस् । | ८ |
| | २. ख्वपवासीहरूको पुराना लवाइ र रहनसहनको भिन्नता बताउन । | ❑ ख्वपबासीको लवाइ, खवाइ | ❑ ख्वपवासीहरूका पुरुष /महिलाहरूका पुराना लुगाफाटा लगाएका फोटोहरू देखाउँदै आर्थिक, सामाजिक पक्षबारे छलफल गराउने । | पुराना फोटोहरू | २. ख्वपवासीले पहिले कस्तो लुगा लगाउँथे ? | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या**<br>(क) ख्वपमा पाइने थरहरू | ख्वपमा पाइने खुशी जनाउने खु प्रत्यय लागी बनेका थरहरू र बानीबेहोरा बुझाउने थरहरूको सूची तयार पार्न । | ख्वपमा पाइने विभिन्न जातजातिहरू जस्तै :<br>❑ पछाडि खु लागेर बनेका थरहरू, जस्तै : दनेखु, मारिखु, सितिखु, सुजखु आदि ।<br>❑ बानीबेहोरा जनाउने थरहरू जस्तैः छ्वालु, ज्ञांमरु, धेके, फाँगुलु आदि । | ❑ कक्षामा रहेका विद्यार्थीहरूको जोडी वा समूह बनाउने, एक आपसमा चिनारी दिन नाम र थर प्रष्ट रूपमा भन्न लगाउने ।<br>❑ ती नाम थरहरूको अर्थबारे अनुमान गर्न लगाउने । पालैपालो अगाडि बोलाएर नाम, थर र अर्थ प्रस्तुत गर्न लगाउने ।<br>❑ विषयवस्तुमा उल्लिखित थरहरूको अर्थबारे पनि अनुमान गर्न लगाउने ।<br>❑ अर्थ प्रष्ट नभएमा शिक्षकले प्रष्ट्याउन सघाउने । ती थरहरूका मानिसहरू, विद्यार्थीहरू ख्वपमा कहाँ रहन्छन् ? तिनीहरूका बारे कसरी जानकारी लिन सकिन्छ छलफल गर्ने र सूची तयार पार्न लगाउने ।<br>❑ अर्थको अनुमान गर्दा शिक्षकले सघाउने जस्तै : दनेखु दने खु – दनेगु खुसी = डरलाग्दो खुसी<br>❑ सितिखु – सिति खु, सिति खुसी = काममा नआएको खुसी<br>❑ सुजखु – सुज खु, सूर्य खुसी = सूर्यमण्डलको खुसी<br>❑ छ्वालु – न्यासिचम्हा मनु = चञ्चल बानी व्यहोरा जनाउने, नखरमाउलो/नखरमाउली<br>❑ ज्ञांमरु – ज्ञान मरु = ज्ञान नभएको मान्छे आदि । | ❑ सम्बन्धित थरहरूको सूची<br>❑ थरहरूको विग्रह गरी अर्थ्याएको सूची<br>❑ ठाउँ र थरहरूको सूची रहेको फ्ल्यास कार्ड, चार्ट | ❑ आफ्नो र साथीको थरबारे अर्थ लगाउनुहोस् ।<br>❑ सुजखुको अर्थ के होला ?<br>❑ पछाडि खु लागेर बनेका ५ ओटा ख्वपका मानिसहरूको थर लेख्नुहोस् । | ६ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ३, पृष्ठः ८१, ८३, र ८५**

कक्षा : २

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३.<br>(ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | खवपका विशिष्ट व्यक्तित्वहरूको परिचय दिन । | १.अमृतमान शाक्य,<br>२.काजीमान कर्माचार्य,<br>३.विवेकदास उस्ताज र<br>४.उमा भुजू<br>उहाँहरूबाट सिक्न सकिने महत्त्वपूर्ण कुराहरूको वर्णन । | ❑ विद्यार्थीहरूलाई अरू सामान्यभन्दा फरक गुण, क्षमता, सोच विचार र व्यवहार गर्ने साथीहरू पहिल्याउन लगाउने । त्यस्ता विद्यार्थीहरूबारे आफूलाई लागेका कुराहरू भन्न लगाउने र बोर्डमा टिप्दै जाने। उनीहरूबारे कक्षामा छलफल गरी विशिष्टको अर्थ झल्किने उदाहरणहरू प्रस्तुत गर्दै जाने ।<br>❑ कक्षा १ मा अध्ययन गरिसकेका विशिष्ट व्यक्तित्वहरूको छोटोमा स्मरण गराउने । यसरी नै कुन क्षेत्रमा को को विशिष्ट छन् भन्नेबारे प्रश्न गर्ने र आएको उत्तर बोर्डमा टिप्दै जाने । उहाँहरूबारे थप प्रकाश पारिसकेपछि विषय विस्तृतीकरणमा उल्लिखित व्यक्तिहरूको एक एक गरी पोष्टर तस्वीर कक्षाकोठाको भित्तामा टाँस्ने । उहाँहरूबारे सुनेका बुझेका कुराहरूलाई तालिका बनाई उल्लिखित व्यक्तिहरू एउटा एउटा बाँडेर छलफल गर्न लगाउने र टिपोटको आधारमा छोटो विवरण प्रस्तुत गर्न लगाउने । ती व्यक्तिहरूबारे ठोस कुराहरू बुझ्न सम्बन्धित ठाउँमा गई आवश्यक जानकारी हासिल गर्न प्रश्नावलीसहित पठाउने र कक्षामा प्रस्तुत गर्न लगाउने । | विशिष्ट व्यक्तिहरूको तस्वीरहरू र उहाँहरूको छोटो चिनारी वा जीवनी, पुस्तिका, भिडियो क्लिप्स आदि । | १. तस्वीर हेरी खवपका विशिष्ट व्यक्तिहरू चिन्नुहोस् र उहाँहरूको बारेमा तीन वाक्य बताउनुहोस् ।<br><br>२. विशिष्ट व्यक्तिहरूमध्ये एक जनाको बारे एक अनुच्छेद लेख्नुहोस् । | १२ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग १, पृष्ठ: १५१ र भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४. स्थानीय बोलीचाली र लिपि**<br>(क) स्थानीय बोलीचालीका वाक्यहरू | ❑ स्थानीय बोलीचालीका वाक्यहरू प्रयोग गरी कुराकानी गर्न । | स्थानीय बोलीचालीका वाक्यहरू जस्तै :<br>थाना भ्रायाला ?<br>दोहँ भासँ,<br>पलखः दिसँ,<br>भ्यातुसा जिं जोङ बेला ?,<br>छु धाय् दियागु ?<br>फेतुङ दिसँ,<br>जिं सःत बिय्<br>जि छक वानेला ?,<br>खिचां ङाय् योला ?,<br>खिचा हे मरू,<br>वय्कः मदिला ?,<br>जिं नपालाय् फैला ?,<br>त्यस्तै आदरार्थी शब्दहरू : बिज्याकी, छलपोल भासँ, ज्योना भपियो दिसँ, बेली सिधलला ? आदि | ❑ स्थानीय व्यक्तिहरू घरमा आउँदा वा बाटोमा भेट्दा उनीहरूलाई परेका साना ठूला समस्या सुल्भाउन वा अप्ठेराहरू बुझी सघाउने ।<br>❑ स्थानीय बोलीचालीबाट अभिनय गर्न लगाउने ।<br>❑ स्थानीय भाषाका शाब्दिक र वाक्यगत अर्थ अभिनयकै सिलसिलामा प्रस्ट पार्दै लाने ।<br>❑ उल्लिखित स्थानीय आदरार्थी शब्दहरू, वाक्यांशहरू कसरी प्रयोग गरिन्छ भनी सोधपुछ गर्ने, सोहीबमोजिम अभिनयमा प्रयोग गर्न लगाउने ।<br>❑ आदरार्थी शब्दको प्रयोगमा जोड दिने । | फ्लास कार्ड, कुराकानी, चार्ट रेकर्ड गरिएका सामग्री | 'थाना भ्रायो दिया ला ?' वाक्यांश कुन बेला कस्तालाई प्रयोग गरिन्छ ? | १२ |
| (ख) घरका तलाहरू, यामहरू, नाप तथा तौल | ❑ घरका तलाहरू, वर्षाका यामहरू, वस्तुकोनाप तथा तौलबारे स्थानीय भाषामा बताउन । | ❑ घरका तलाहरूः छेली, मातने, चोटा, बैग | ❑ स्थानीय घरमा बस्ने विद्यार्थीहरू कक्षाकोठामा भए अगाडि बोलाउने । उनीहरू कुन-कुन तलामा खाने, बस्ने, सुत्ने ? ती तलाहरूलाई घरमा के के नाम दिइएको छ ? सोध्ने ।<br>❑ त्यस्ता पुराना घरका चित्र, तस्वीर टाँसी ती घरका तलाहरू के के कामको प्रयोगमा रहेका छन् ? प्रश्नोत्तर गर्ने । अहिले र पहिले पुराना घरका | फ्लासकार्ड,<br>पुराना घरका चित्र वा तस्वीर | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ❑ घरका तलाहरूलाई स्थानीय भाषामा बताउन ।<br>❑ वर्षका यामहरुलाई स्थानीय भाषामा भन्न ।<br>❑ नाप र तौलका विभिन्न एकाइलाई स्थानीय भाषामा बताउन । | ❑ हावापानीः तःनुला, चिकुला, बर्खा, निहुरा<br>❑ नापहरूः छकू, नेकू, कोलाछी, च्वकोलाछी,नेलाँगु स्वलाँगु, छप्ला, नेप्ला<br>❑ तौलहरूः बाधानी, छधानी, नेधानी, छप्वास, नेप्वसः छम्हु, नेम्हु आदि । | तलाहरूको नाम कसरी लिइन्छ ? तुलना गर्न लगाउने ।<br>❑ वर्षमा कति महिना हुन्छ ? कुन–कुन महिनामा पानी पर्छ ? घाम लाग्छ, हुरी बतास आउँछ, बाढी पहिरो जान्छ, हुस्सु लाग्छ, हिउँ पर्छ ? भनी प्रश्नोत्तर गर्ने ।<br>❑ महिनाहरूलाई हावापानी र मौसमसँग जोड्दै कुराकानी गर्ने । कुन महिना वा मौसममा कस्तो लुगा लगाउने भनी सोध्दै ती मौसम र हावापानीलाई स्थानीय भाषामा के के भनिन्छ सोध्ने । भन्न नसके भन्न सक्ने गरी बताउने ।<br>❑ कक्षाकोठामा भएका वस्तुहरू (बेञ्च, टेबुल आदि) हातले नाप्न लगाउने । समूहमा बाँडी विद्यालयका विभिन्न वस्तुहरू एक–एक वटा दिई हातले नाप्न लगाउने । कति हात छ ? सोधी स्थानीय भाषामा भन्न लगाउने । उनीहरूको सिसाकलम कति अङ्गुलको छ ? कोठाको लम्बाइ चौडाइ पाइला गन्न लगाएर त्यसको स्थानीय भाषामा भन्न लगाउने । भन्न नसके शिक्षकले बताउने ।<br>❑ सानो ढक्कीमा राखेको मकै वा गहुँ हातको पसरलाई स्थानीय भाषामा भन्न लगाउने वा शिक्षकले उक्त नापोलाई कसरी व्यक्त गरिन्छ बताउने । | मौसम तथा हावापानी दर्शाउने विभिन्न चित्रहरू<br>हात खुट्टाबाट नाप्न सकिने विभिन्न वस्तुहरू | स्थानीय पुरानो घरको चित्र देखाई तिनका तल्लाहरूको नाम र प्रयोजनबारे सोध्ने र लेख्न लगाउने ।<br>अवलोकन । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४.** (ग) स्थानीय बोलीचाली भाषामा आफ्नो स्वास्थ्यबारे जानकारी | ❑ स्थानीय बोलीचाली भाषामा आफ्नो स्वास्थ्यबारे र अरूको स्वास्थ्यबारे बताउन । | ❑ थौं साबहे तःनु खला ?<br>❑ छिता उसाँय् मरूला ?<br>❑ म्हा मफताला ? म्हां फला ?<br>❑ छु जुला, प्वा स्याताला ?<br>❑ वासः भपियो मदियाला ?<br>❑ इकू ला ?, कपः नं स्याला ?<br>❑ म्हाय् सुख मरूगु गोन्हु दतः ?<br>❑ ज्वर वला ।<br>❑ म्हुतु मसाः ।<br>❑ म्हा भ्यातुला ? आदि | ❑ समूह विभाजन गरी प्रत्येक समूहमा एक–एक जना बिरामी भएको अभिनय गर्न लगाउने ।<br>❑ अरूले स्थानीय भाषाबाट उसको स्वास्थ्य सम्बन्धी जानकारी लिन विभिन्न प्रश्नहरू गर्न लगाउने ।<br>❑ ती प्रश्नहरूको सूची बोर्डमा लेखी बुझाउने ।<br>❑ विद्यार्थीहरूबीच भएको संवादहरू रेकर्ड गरी फेरि उनीहरूलाई सुनाउने ।<br>❑ पाटी–पौवा सत्तलमा घाम तापी बस्ने जेष्ठ नागरिकहरूसँग सोधपुछ गर्न लगाई टिपेका कुरा कक्षामा भन्न लगाउने । | चार्ट | अवलोकन | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **५. व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा** | १. आचरणगत शिष्टता प्रस्तुत गर्न । | १. आचरणगत तथा वातावरणजन्य बोलीचाली | – कक्षाकोठामा अभिनय विधिबाट विद्यालय, घरपरिवार तथा आफन्तजनमा प्रस्तुत गरिने शिष्टता र व्यवहार प्रस्तुत गरी विद्यार्थीहरूलाई प्रस्तुत गर्न लगाउने ।<br>– विद्यालय, घर परिवारमा एकआपसमा के कस्ता सहयोग गर्न सकिन्छ ? विद्यार्थीहरूसँग सोध्दै त्यसप्रकारको सहयोग उनीहरूले गरे नगरेको सोध्ने र सहयोग गर्नुपर्नाका कारणहरू प्रस्तुत गरिदिने । | चित्रसहितका शब्दपत्तीहरू | १. तपाईंले कक्षाकोठामा के के सहयोग गर्नुभएको छ ? | ६ |
| | २. अनुशासित आनीबानी प्रयोग गर्न । | २. सहयोगात्मक र अनुशासित आनीबानी | – विभिन्न स्थानमा रहँदा उक्त स्थानहरूको नियममा रहनुपर्ने, विद्यालयका नियमहरू पालन गर्नुपर्ने कस्ता विषयलाई सिकाइ अनुशासनबाट प्रष्ट बनाई अनुशासित हुँदा फाइदा र किन हामी अनुशासनमा रहनुपर्ने हो, विभिन्न नीतिकथाहरूबाट स्पष्ट पारिदिने । | नीतिकथाहरु | २. तपाईं विद्यालयमा कहाँ कहाँ लाइन बस्नुभएको छ ? | ६ |
| | ३. व्यक्तिगत तथा नैतिक आचरण देखाउन । | ३. नैतिक आचरण | – विद्यार्थीहरूलाई विभिन्न पौराणिक तथा नीतिकथाहरूबाट नैतिक शिक्षाबारेमा स्पष्ट पार्ने ।<br>– हामीले किन झुठ बोल्नु हुँदैन, अरूको सामान नसोधी लिन नहुने, सहयोगी हुनुपर्ने र त्यस्तो भएमा समाजमा हुने फाइदा बताइदिने र त्यस्तो कार्य गर्नेलाई स–साना पुरस्कार दिई हौसला बढाइदिने ।<br>– आफ्नो व्यक्तिगत सरसफाइ गर्नुपर्ने : नङ काट्ने, जुत्ता लगाउने, मोजा लगाउने, रुमालले सिँगान सफा गर्ने, साथीहरूलाई सहयोग गर्ने, कक्षाकोठाको कागज टुक्रा डस्टबिनमा राख्ने, यस्ता कार्यहरू गरेका विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप स–साना पुरस्कार प्रदान गर्ने । | पौराणिक तथा नीतिकथाहरु | ३. कक्षाकोठाको फोहर कहाँ राख्नुपर्छ ? | ६ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **६. स्थानीय विविध संस्कृति** :<br>(क) श्री पञ्चमी | १. विद्यार्थीहरूलाई बोर्डमा हेर्न लगाई ६ वटा ऋतुहरूको नाम भन्न । | (क) बोर्डमा लेखिराखेको ६ वटा ऋतुहरूको नाम र ऋतुमा पर्ने महिनाहरूको नाम | १. सुरुमै बोर्डमा ऋतुहरूको नाम लेखिराख्ने त्यसलाई देखाउँदै एक वर्षमा १२ महिना र उक्त १२ महिनालाई ६ वटा ऋतुहरूमा विभाजन गरेको :<br>क) वसन्त ऋतु (चैत र बैशाख)<br>ख) गृष्म ऋतु (जेठ र असार)<br>ग) वर्षा ऋतु (साउन र भदौ)<br>घ) शरद ऋतु (असोज र कार्तिक)<br>ङ) हेमन्त ऋतु (मंसिर र पौष)<br>च) शिशिर ऋतु (माघ र फागुन) | (क) वार्षिक क्यालेण्डर | १. छ वटा ऋतुहरूको नाम लेख्नुहोस् । | ८ |
| | २. श्रीपञ्चमी वसन्त ऋतुमा पर्दछ भनी बताउन । | (क) श्रीपञ्चमी वसन्त ऋतु र सबैभन्दा रमाइलो ऋतु | १. आजको दिन कुन ऋतुमा पर्दछ भनी चिनाउन निम्न लिखित प्रश्न उत्तरद्वारा चिनाई दिनुहोस् :<br>▪ आजको बार ?......<br>▪ आजको दिन कुन महिनामा पर्दछ ?<br>▪ बोर्डमा लेखिराखेको हेर्न लगाई आज कुन ऋतु पर्दछ ? | (ख) सरस्वतीको तस्वीर | २. के गरी सिक्दा स्मरण शक्ति बढ्छ ? लेख्नुहोस् । | |
| | ३. बाल–बालिकालाई अक्षरारम्भ गर्ने चलन श्रीपञ्चमीबाट गरिने भन्न । | (क) अक्षराम्भ श्रीपञ्चमी सरस्वती मन्दिर | १. तपाईंहरूमध्ये कति जनालाई याद छ ? अक्षर पढ्न सुरुआत सरस्वतीको मन्दिरमा गएर सुरु गरेको ? सरस्वती मन्दिरमा तपाईंले के के गर्नुभएको थियो ? सम्झेर भन्नुहोस् । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ४. अक्षरारम्भ गर्दा सरस्वती मन्दिरमा गरिने क्रियाकलाप र हाम्रो अपत्यारिलो सामाजिक मान्यता बताउन । | (क) ओम नमो शिवाय नमो बागीश्वराय भन्न लगाउनु ।<br><br>(ख) ॐ नमो बुद्धाय, नमो बागीश्वराय, (बौद्धमार्गी भए) भन्न लगाउनु ।<br><br>(ग) मन्दिरमा केही लेख्न लगाउनु । | १. विद्यार्थीहरूको उत्तर सुनिसकेपछि फेरि सोध्ने<br>२. मन्दिरमा ओम नमो शिवाय, नमोवागीश्वराय भन्न लगाए वा लगाएन ?<br>३. बौद्धमार्गी भए ॐ नमो बुद्धाय, नमोवागीश्वराय् भन्न लगाए वा लगाएन ? साथै मन्दिरमा केही लेख्न लगाउने चलन पनि छ ।<br>४. हाम्रा अग्रजहरूका मान्यतालाई विद्यार्थीहरूको रोचकताको लागि सुनाउनुहोस् ।<br>५. विद्यार्थीहरूलाई निम्न तरिकाबाट विश्वास जगाउनुहोला ।<br>▪ बढी अभ्यासले बढी सिकिन्छ (Practice makes a man perfect)<br>▪ शैक्षिक सामग्रीको प्रयोग गरी हामीलाई सिकाइएमा बुझ्न सरल र रोचक हुन्छ । (A picture is worth thousand words)<br>▪ राम्रो स्मरणको लागि घोकेर हैन बुझेर वा गरेर सिकेमा राम्रो स्मरण हुन्छ । | | | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६. (ख) नाग पञ्चमी | १. नाग पञ्चमी मनाउने दिन र मनाउने परम्परागत तरिका बताउन | (क) नाग पञ्चमी मनाउने आफ्नो आफ्नो तरिका | १. तपाईंहरूमध्ये कसले कसले नाग (सर्प) लाई देख्नुभएको छ ? देख्नेलाई पालैपालो भन्न लगाउनुस् नाग कस्तो देख्दो रहेछ ।<br>– सुनिसकेपछि शिक्षकले वर्णन गरिदिनुस् : श्रावण महिनाको पञ्चमीको दिन नागको विशेष गुणको कारण नागलाई पूजा गर्ने भएर नाग पञ्चमी भनेको हो ।<br>२. घरमा नाग पूजा गरेको कसले कसले देख्नुभएको छ ? देख्नेलाई पालैपालो भन्न लगाउनुहोस् ।<br>३. शिक्षकले नाग पूजा गर्ने आफ्नै तरिका व्याख्या गरी दिनुस् : नागलाई पूजा गर्दा घरको मूलद्वारमा नागको चित्रलाई गोबरले टासी पञ्चामृत राखेर पूजा गरिन्छ । | रबरको नाग र नागको चित्र | १. नागपञ्चमी किन भनिन्छ ? | ८ |
| | २. वर्तमान नागको अनुसन्धानको आधारमा नागको गुण र दोष बताउन । | (क) नागप्रति विभिन्न धारणाहरू | १. आजको विश्वमा नागलाई दिइएको महत्त्वको आधारमा विभिन्न प्रश्नहरू राखी अन्तर्क्रियाको माध्यमबाट नागको गुणदोष बताइदिनुहोस् :<br>– बाघ, भालु, गैंडा, आदिले मान्छेलाई भेटेमा मारिदिन्छ तर पनि तिनीहरूलाई मार्दैन किन होला ?<br>– विद्यार्थीहरूको विचार सुनिसकेपछि आफ्नो भनाइ राखिदिनुहोस् : जनावरहरू चराचुरुङ्गीहरू, नाग (सर्प) किराफट्याङ्ग्रा कसैलाई पनि मार्नु हुँदैन । तिनीहरूले हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा दिएका हुन्छन् । आज चिडियाखानामा, राष्ट्रिय निकुञ्जमा सौराहामा स्वदेशी र विदेशी पर्यटकहरू हेर्न घुम्न आउँछन् र आम्दानी बढ्छन् । तपाईहरू को को चिडियाघर घुम्न जानुभएको छ ? त्यहाँ विभिन्न जनावर, चराचुरुङ्गी, सर्पहरूबारे भन्न लगाउने ।<br>२. नाग (सर्प) ले हामीलाई दुःख दिने मुसा, किरा फट्याङ्ग्रालाई खाई सहयोग गर्दछ । | | २. सर्पबाट हामीलाई केके फाइदा हुन्छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ३. नाग (सर्प) को विषबाट अति महँगो औषधि बनाइन्छ । त्यसैले नाग (सर्प) हरूलाई पनि मार्नुहुँदैन ।<br>४. मरिसकेको नाग (सर्प) को छालाबाट विभिन्न हायण्ड ब्याग बनाइन्छ ।<br>५. विदेशमा सर्प (नाग) को मासु पनि खाइन्छ ।<br>६. तर तराईतिर गोमन विषालु सर्पलाई देखेमा मार्छ । | नागको चित्र | | |
| | ३. नाग पञ्चमीको दिन भक्तपुर, पाटन र काठमाडौंमा लाग्ने मेला सम्बन्धी बताउन । | (क) लाग्ने मेला : भक्तपुरको सिद्धपोखरी, पाटनको धापाख्य, चोभारको टौदह र नक्सालको नाग पोखरीमा | १. विद्यार्थीसँग अन्तर्क्रियाद्वारा मेला लाग्नेको अर्थ बताइ दिनुस् । नाग पञ्चमीको दिन मेला लाग्ने ठाउँको नाम समेत बोर्डमा लेखी सार्न दिनुहोस् :<br>❑ भक्तपुरको सिद्ध पोखरीमा लाग्ने मेला<br>❑ पाटनको धापाख्य (धापासी) को नागदहमा लाग्ने<br>❑ पाटनको चोभारको टौदहमा लाग्ने<br>❑ काठमाडौंको नक्सालको नाग पोखरीमा लाग्ने<br>२. पुग्न सजिलो ठाउँ थालाछैं नागपोखरीमा शैक्षिक भ्रमणको व्यवस्था गर्नुहोस् ।<br>३. गृहकार्य : नाग पञ्चमीमा किन नागको पूजा गर्नुपर्ने सम्बन्धमा अभिभावकसँग सोधेर आएर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | | ३. भक्तपुरको कुन ठाउँमा नागपञ्चमीको दिन मेला लाग्छ ? | |
| | ४. नाग पञ्चमी मनाउन लिएको आधार सम्बन्धमा बुढापाकाले भन्ने गरेका जनश्रुति वर्णन गर्न । | (क) बुढापाकाले भन्ने गरेको जनश्रुति रोचकताको लागि सुनाइदिनुस् । | १. विद्यार्थीहरूको प्रस्तुतिपछि 'भविश्योत्तर पुराण'मा उल्लिखित रोचक घटनालाई अन्तर्क्रियाको माध्यमबाट सुनाइदिनुस् :<br>❑ एक किसानको घरमा उसका दुई छोरा र एक छोरी थिए । श्रावण पञ्चमीको दिन खेत खन्दै गर्दा नागका बच्चाहरूलाई पर्न गई मरेछन् । आफ्ना सन्तानको लागि खाना खोजी फर्कँदा आफ्नो सन्तान मरेको पाउँदा क्रोधित नागले खेत खन्ने किसानले मारेको पत्ता लगाई सुतिरहेको किसान परिवारलाई (अर्कै कोठामा सुतेकी छोरीबाहेक) डसेर मारिदिएछ । बाँचेकी छोरीले | | ४. नागको चित्र बनाउनुहोस् । | |

कक्षा : २

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | नागले डसेर मारेको पत्ता लगाई नागको पूजा बडो भावभक्तिपूर्वक नागलाई खुशी पारी मरेको आफ्नो परिवारलाई बचाउँछिन् । त्यस समयबाट नाग पञ्चमी मनाउने चलन चलेको मानिन्छ । नाग मरेको स्मरणमा नागपञ्चमीको दिन किसानहरू खेतमा काम गर्न जाँदैनन् । | | | |

**सहायक सामग्री : खपको पहिचान भाग २ पृष्ठ ५४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७. प्रचलित स्थानीय संस्कारहरू**<br>(क) कयुता पूजा | १. कयुता पूजा (व्रतबन्ध) गरिने उचित उमेर र बाल्यावस्थामा पुगेको बताउन । | (क) कयुता पूजाको उचित उमेर, कसैकसैले आफ्नो सुविधाको उमेरमा गर्छन् बाल्यावस्था पुगेको चेतना दिने कार्यक्रम | १. पालैपालो भन्नुस्, तपाईंहरूलाई कति कति वर्ष हुँदा कयुता पूजा गरियो ? उत्तर सुनिसकेपछि तपाईंले उत्तर यसरी दिनुस् : "बाह्र वर्षभित्र साइत हेरेर छोरा मान्छेलाई कयुता पूजा गर्ने उचित उमेर हाम्रो समाजले मानेको छ ।" | कयुता पूजा गरिरहेको चित्र | १. कयुता पूजाले तपाईंलाई के को सङ्केत दिन्छ ? | ५ |
| | २. बढ्दै गएको उमेर अनुसार सामाजिक लाज सरमको पालना गर्नुपर्ने भन्न । | (क) सामाजिक मर्यादा अनुसार लाज सरमको मर्यादाभित्र रहनुपर्ने । | १. तपाईंहरूमध्ये कस्ले कस्ले कयुता देख्नुभएको छ ? कसले कसले कयुतालाई लगाउनुभएको छ ? यो किन लगाउनुपर्छ ?<br>– विद्यार्थीहरूबाट आउने उत्तरहरू बोर्डमा टिप्दै जानुस् । तपाईंको आफ्नो उत्तर सुनाइदिनुस् : "कयुताले हाम्रो मौलिक संस्कृति झल्काउँछ, यो हाम्रो लाज छोप्ने एक प्रकारको लुगा हो, यसले अब तपाईंको उमेर बढ्दै छ । सो अनुसार गर्नु भन्ने चेतना जगाउँछ । | | | |
| | ३. कयुता पूजाको फरक फरक समुदाय अनुसार फरक फरक विधि हुने कुरा भन्न । | (क) हिन्दु र बौद्धमार्गीको कयुता पूजा गर्ने विधिमा फरक | १. एक दुई तीन जना जतिको नाम बोलाएर कयुता पूजाको बेला के के गराइयो ? सम्झेर बताउन लागाउनुहोस् ।<br>– उत्तर सुनिसकिपछि तपाईंले यसरी व्याख्या गरिदिनुहोस् : कुनै कुनै समुदायमा कयुता पूजा एकदिन अगाडि बेलुकी मामा आउनुभई केटाको टुपीमा सानो सुनको औंठी बाँधी चिन्ह लगाउँछन्, भोलिपल्ट घरमा सफासुग्घर गरी कुलदेवतालगायत आफ्नो टोलमा देवगणलाई पूजा गरी मामाले अति सानो सुन र चाँदीको खौरने ब्लेड जस्तो बनाई ल्याएको ब्लेडले खौरेको कार्य गरी पछि नापित (नाई) लाई कपाल खौरने कामको जिम्मा दिन्छ । अन्य बाँकी कार्य आफ्नो आफ्नो समुदायको नियमानुसार गरी कयुता पूजा गरिन्छ । | | २. टुपी राख्ने काम कहिलेबाट सुरु गरिन्छ ? | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७.** (ख) चुडाकर्म | १. चुडाकर्म गर्ने जाति र चुडाकर्मको अर्थ बताउन । | (क) कयतापूजा नगरी चुडाकर्म गर्ने शाक्य र बज्राचार्य मात्र | १. यस कक्षामा चुडाकर्म गरिसकेका कोही भए आफ्नो अनुभव बताउन लगाउनुहोस् । कोही भए वहाँको अनुभव सुनिसकेपछि यसरी अर्थ्याइदिनुहोस् : बुद्ध धर्म मान्ने शाक्य र बज्राचार्यले मात्र चुडाकर्म गर्ने हो । यो गर्ने निश्चित उमेर सीमा हुँदैन । बौद्ध समाजले टुपी समेत नराखी पूरै कपाल खौरी गर्ने कार्यलाई चुडाकर्म भनियो । | भिक्षाटनमा आउनुभएका श्रामणेरहरूको तस्वीर | १. चीबर भनेको के हो ? | ५ |
| | २. श्रामणेर प्रव्रज्या वा प्रवज्या संवर वा शाक्य भिक्षु बनाउने कार्यको वर्णन गर्न । | (क) चुडाकर्म गर्नु भनेको श्रामणेर वा भन्ते बनाउने प्रव्रज्या हो । | १. भिक्षा माग्न आउने श्रामणेरहरू (भन्तेहरू) को कपाल पालेको टुपी राखेको कसैले देख्नुभएको छ ? विद्यार्थीको उत्तरपछि शिक्षकले नै स्पष्ट पारिदिनुस् : बुद्ध धर्म अनुसार श्रामणेर (भन्तेहरू) ले कपाल र टुपी पाल्न मिल्दैन । यदि पालेमा भिक्षाटन गर्न पञ्चदान लिन मिल्दैन यसैले चुडाकर्म गर्दा पूरै कपाल (टुपीसमेत) खौरिन्छ र चीवर लगाउन दिई बाँया हातमा भिक्षापात्र र दायाँ हातले समात्न **सिसलाक** दिने भएर यस चुडाकर्म कार्यलाई श्रामणेर प्रवज्या वा प्रवज्या संबर वा शाक्य भिक्षु बनाउने कार्य मान्छ । | | २. कुन कुन जातिले टुपी राख्दैन ? | |
| | ३. चुडाकर्ममा गरिने विभिन्न क्रियाकलापहरू वर्णन गर्न । | | १. शिक्षकले नै स्पष्ट व्याख्या गरिदिनुस् : शाक्य र बज्राचार्यहरूले आफ्नो आफ्नो विहारमा बाहेक अन्त चुडाकर्म गराउन मिल्दैन । विहारअन्तर्गतका सङ्घले नै आयोजना गरी एकै पटकमा धेरै जनाको र अति सम्पन्न परिवारले मात्र एक्लैको चुडाकर्म गराइन्छ । यसमा पुरोहित बज्राचार्य समूहबाट पहिलो दिन सरसफाइ गराई पञ्चशील पालन गराई 'दूसो' तयारी गर्दछन् । | | ३. के गर्नुलाई चुडाकर्म भनिन्छ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | २. दोस्रो दिन दिपङ्कर बुद्धको उपस्थितिमा दिनभर क्रियाकलाप गर्दछन्। त्यसमा एउटा अति महत्त्वपूर्ण क्रियाकलापमा चुडाकर्म गरिएका श्रामणेरहरूलाई चार दिनसम्म विहारकै नियमानुसार बस्न लगाई भिक्षाटन पनि गराउँछन्। कुनै कुनै ठाउँको समुदायले एकदिन मात्र भिक्षाटन गराउँछन्। बुद्ध धर्मअनुसार भिक्षा माग्ने र पञ्चदान लिने अधिकार टुपी नभएका श्रामणेरहरू (शाक्य भिक्षुहरू) को हुन्छ। | | | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७.**<br>(ग) इहि (बेल विवाह) | १. बेल विवाह गर्ने उचित उमेर र आवश्यक लक्षण भन्न । | (क) विजोर वर्ष<br>– ५ देखि ११ वर्षको उत्तम<br>(ख) कन्या हुँदै । | १. तपाईहरूमध्ये क–कसलाई इहि (बेलविवाह) गरिसक्यो सोध्ने ।<br>२. इहिमा गर्ने कार्यहरूबारे छलफल गर्ने ।<br>– आफ्नो इहि गरेको फोटो वा भिडियोहरू लिएर आउन भन्ने ।<br>– सम्भव भए इहि गरेको ठाउँमा घुमाउन लैजाने ।<br>३. नाम लिँदै कति वर्षमा बेलविवाह भयो भनी सबै केटीहरूसँग सोध्दै जानुस् । सबैको उत्तर आइसकेपछि तपाईले भनिदिनुस् : बेलविवाह गर्ने उचित उमेर भनेको विजोर वर्ष ५ देखि ११ वर्षलाई र रजस्वला नहुँदै गर्नुपर्ने हाम्रो सामाजिक मान्यता हो । | बेलविवाह गरिरहेको तस्बीर वा चित्र | १. बेलविवाह गर्ने उचित उमेर कुन हो ? | ३ |
| | २. सामाजिक चलन अनुसार बेलविवाह एकजना मात्रको नगरी कमसेकम पाँचजनाको गर्ने कुरा बताउन । | ❑ ५ देखि धेरैको एकै पटक बेलविवाह गराउँछन् । | १. थोरै केटीसँग अन्तर्क्रिया गर्नुस्, तपाईको बेलविवाह गर्दा कतिजना केटीहरू थिए ? विद्यार्थीको कुरा सुनिसकेपछि तपाईको आफ्नो भनाइबाट स्पष्ट पारिदिनुसः<br>❑ बेलविवाह एकै जनाको मात्र गर्दैन, कम्तीमा पाँचजना हुनुपर्ने जसमा सुरुमा बस्ने केटीलाई कःजी (प्रमुख) र दोस्रोलाई न्वकु (उपप्रमुख) भन्ने चलन छ । | | | |
| | ३. बेल विवाहको सामाजिक मान्यताको वर्णन गर्न । | ❑ वेलको प्रतीक नारायण र नारायणको प्रतीक सुवर्णकुमार | १. तपाईंमध्ये कसलाई थाहा छ कि : तपाईंले विवाह गरेको बेललाई खास के सम्झेर विवाह गराउने रहेछ ?<br>❑ यसको उत्तर पाउन गाऱ्हो छ । शिक्षकले स्पष्ट पारी दिनुहोस् : तपाईंहरूले कटामरी (पुतली) खेल्दा कुनै पुतलीलाई बाबु, कुनैलाई आमा मानेजस्तै बेललाई पनि नारायण देवताको प्रतीक मानी विवाह गरिदिने सामाजिक मान्यता छ । | | २. तपाईंले बेलविवाह गर्दा बेललाई के सम्झेर विवाह गर्नुभयो ? | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **८. स्थानीय कला र सम्पदाहरू**<br>(क) स्थानीय बाजाहरू | १. स्थानीय बाजाहरूको नाम बताउन ।<br><br>२. स्थानीय बाजाहरूको चित्र कोर्न । | ❏ लालाखिं, धाँ, मायूलीं, पछिमाय्, तँः को परिचय | ❏ तपाईहरूले के के बाजाहरू बजाएको देख्नुभएको छ ? भनी प्रश्न गर्ने ।<br>❏ बाजाहरूको नाम Brainstorming गर्न लगाउने ।<br>❏ विद्यार्थीहरूको दिमागमा आएका बाजाहरूको नाम क्रमशः भन्न लगाउने र त्यस समयमा राम्रो नराम्रो, सही गलत नभन्ने, टीकाटिप्पणी नगर्ने केवल आएका बाजाका नामहरू भन्न लगाउने ।<br>❏ उनीहरूले भनेका बाजाहरूको नाम सेतोपाटीमा टिप्दै जाने ।<br>❏ बाजा बजाउँदै गरेको तस्वीर देखाई के के बाजा बजाएको छ ? सोध्ने ।<br>❏ बाजा बजाइएको भिडियो देखाएर बाजाहरूको नाम सोध्ने ।<br>❏ विद्यार्थीहरूबाट सही जवाफ नआएमा शिक्षकले तस्वीरको सहयोग लिएर स्पष्ट पार्ने ।<br>– जस्तै नेवारी बाजाहरु जात्रा, पर्व, पूजाआजा, विवाह, व्रतबन्ध लगाएका विभिन्न सामाजिक तथा धार्मिक कार्यहरुमा प्रयोग गरिन्छ ।<br>❏ ती बाजाहरूको छोटो परिचय दिई चित्र कोर्न लगाउने ।<br>– जस्तै : लालाखिं हातले बजाउने मादल जस्तै ठूलो आकारको बाजा हो । यो बाजा विशेष गरी गाईजात्रा, दाफाभजन लगायत अन्य उत्सवहरुमा काँधमा झुन्ड्याएर बजाइन्छ ।<br>– धाँ बाजा पनि दुईतिर बजाइन्छ । एकापट्टि लठ्ठीले बजाइन्छ भने अर्कोतिर हातले बजाइन्छ । धाँ बजाउँदा सिछ्या र भुछ्या पनि सँगै बजाइन्छ । यो बाजा विशेष गरी गाईजात्रा, गुँला, दशैं जस्तो पर्वहरुमा बजाइन्छ । | भिडियो, वास्तविक बाजाहरू, फोटोहरू | १. मायूलींको चित्र कोर्नुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ३. आवाजको आधारमा बाजाहरू छुट्याउन । | | – मायुलीं मुखले फुकेर बजाइने बाजा हो । यो आकारमा बाँसुरी जस्तै देखिन्छ । यो काठ वा धातुबाट बनेको हुन्छ ।<br>– पछिमाय् लालाखिं भन्दा केही ठुलो हुन्छ । यो पछिमाय् बाजामा दुई तिरबाट बजाइने बाजा हो तर यसमा एकातिर पीठो तासेको हुन्छ ।<br>– तँः धातुका दुईवटा गोलाकार रिकापी जस्तो तर मोटो वस्तुबाट बनेको हुन्छ । यस वस्तुलाई एकअर्कासँग ठोकाएर आवाज निकालिन्छ । तँः बाजा प्रायः धाँ, धिमे, भुस्या, जस्ता बाजासँगै बजाएर काललाई सशक्त बनाउन प्रयोग गरिन्छ ।<br>❑ सम्भव भए वास्तविक बाजा नै कक्षामा ल्याएर बजाएर देखाउने नभए भिडियो देखाउने ।<br>❑ आवाजको आधारमा बाजाहरूको नाम भन्न लगाउने । | वास्तविक बाजा र भिडियो | २. आवाजको आधारमा बाजाहरू छुट्याउनुहोस् । | ५ |
| ८.<br>(ख) स्थानीय नाचहरू | १. खिचा (कुकुर), म्हेखा (मयुर), जङ्गली र भालु प्याखं (नाच)को नाम बताउन ।<br><br>२. दृश्यको आधारमा नाचहरू छुट्याउन ।<br><br>३. खिचा, म्हेखा, जङ्गली र भालु प्याखंको छोटो परिचय दिन । | ❑ खिचा प्याखं, म्हेखा प्याखं, जङ्गली प्याखं र भालु प्याखं (नाच) को नाम ।<br><br>❑ कलाकार सङ्ख्या, बाजा बजाउने सङ्ख्या, कलाकारले लगाउने भेषभूषा, हाउभाउ, नाच्ने पर्व | ❑ Think Pair Share (TPS) प्रयोग गरी विद्यार्थीले देखेका विभिन्न नाचहरूको नाम सोच्न लगाउने । (१ वा २ मिनेट)<br>❑ दिइएको समय सकिएपछि जोडीमा आआफ्नो भनाइ, विचार वा उत्तरहरू एकअर्कालाई सुनाउने तर टीकाटिप्पणी गर्न नदिने ।<br>❑ जोडीमा विचारको आदानप्रदान सकिएपछि समय हेरेर ३, ४ वटा जोडीमध्येबाट आआफ्नो विचारहरू कक्षामा सुनाउन लगाउने र कुनै पनि विचारहरू नदोहोऱ्याइ थप गर्दै जान लगाउने ।<br>❑ Think Pair Share (TPS) लाई ५ मिनेटभित्रमा सम्पन्न गरिसक्ने । | नाचहरूको क्लिप्सहरू,<br><br>तस्वीरहरू | १. खिचा प्याखंमा कति जना कलाकारहरू कुकुर बनेर नाच्छन् ?<br><br>२. भालु प्याखंको छोटो परिचय दिनुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | ❑ यी नाचहरूको सांस्कृतिक महत्त्व | ❑ विद्यार्थीले देखेका नाचहरूको नाम सेतोपाटीमा टिप्दै जाने ।<br>❑ खिचा प्याखं, म्हेखा प्याखं, जङ्गली प्याखं र भालु प्याखं (नाच)हरूको क्लिप्सहरू देखाउने ।<br>❑ दृश्य देखाएर ती नाचहरूको नाम के हो ? भनी सोध्ने ।<br>❑ ती नाचहरूको परिचयसहित बयान गरिदिने जस्तै : नाचको नाम, कलाकार कति जना, बाजा बजाउने कति जना, कलाकारले लगाउने भेषभूषा, हाउभाउ, नाच्ने पर्व, सांस्कृतिक महत्त्व आदि ।<br>– जस्तै : खिचा प्याखं भनेको दुई जना मानिस बाजाको तालमा कुकुरको मुकुण्डो लगाएर नाचिने नाच हो । कुकुरले गर्ने विभिन्न हाउभाउ सहित नाचिने खिचा प्याखं बच्चाहरुलाई मनपर्ने नाचमा पर्दछ ।<br>❑ म्हेखा प्याखंलाई नेपालीमा मयुर नाच भनिन्छ । म्हेखा प्याखंमा एक जना कलाकार मात्र मयुरको भेषभूषा लगाएर नाचिन्छ । यो नाच १२ वर्षमा देखाइने खः प्याखंको एक उपदृष्य नाच हो ।<br>❑ देवी प्याखंकै एक उपदृश्यात्मक अंशको रुपमा प्रस्तुत हुने जङ्गली नाचमा दुईजना जंगलीको भेषभूषामा नाच्ने गर्दछ । असुर जातीको प्रतिनिधित्व हुने दुई जना विभिन्न तरिकाबाट झगडा गरेको दृष्य नाचको रुपमा देखाइन्छ ।<br>❑ भालु प्याखंमा एउटा भालु, गोठाला र लामाजू (लामा) प्रस्तुत हुन्छन् । जसमा भालूलाई विभिन्न समसामयिक हास्य एव व्यङ्ग्य बोली हाउभाउ गराई नाच्न लगाइन्छ ।<br>❑ सम्बन्धित पर्वमा नाचहरू अवलोकन गराउने ।<br>❑ सम्भव भए विद्यालयमा सिक्ने सिकाउने वातावरण तयार गर्ने । | | ३. दृश्यको आधारमा नाचहरू छुट्याउन । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.<br>(ग) स्थानीय मन्दिर | १. ङातापोल (पाँच तले), भैलदेगः (भैरवनाथ मन्दिर) को परिचय दिन ।<br>२. ङातापोल र भैरवनाथ मन्दिरको चित्र कोर्न । | ङातापोल, भैरवनाथ मन्दिरको चित्रसहितको परिचय | ❑ तपाईंहरू ङातापोल र भैल देगः (भैरवनाथ मन्दिर) भित्र जानुभएको छ ? भनी प्रश्न गर्ने ।<br>❑ ङातापोल र भैरवनाथ मन्दिरभित्र के–केको मूर्ति छ ? भनी प्रश्न गर्ने<br>❑ ङातापोल र भैरवनाथ मन्दिरको छोटो परिचय दिने ।<br>❑ ङातापोल र भैरवनाथ मन्दिरको चित्र तथा श्रृव्य दृश्य देखाउने ।<br>– जस्तै : ङातापोल मन्दिर भक्तपुर नगरपालिका वडा नं. ५ मा अवस्थित छ । यो मन्दिर राजा भूपतिन्द्र मल्लले ने.सं. ८२२ मा ६ महिनाभित्र सम्पन्न गरेको इतिहास छ । यो मन्दिर नेपालकै सबैभन्दा अग्लो मन्दिर हो । यस मन्दिर भित्र सिद्धिलक्ष्मीको मूर्ति छ । यो मन्दिरको उचाइ १०८ फिट छ ।<br>– भैरवनाथको मन्दिर पनि ङातापोल मन्दिरसँगै टौमढीमा अवस्थित छ । यो मन्दिर तीन तल्लाको छ । ने.सं. ६६७ मा एकतले मन्दिर बनाएकोमा राजा विश्व मल्लको पालामा बिस्का जात्रा गरिने भैरबनाथ यहाँ स्थापना गरेपछि राजा भूपतीन्द्र मल्लले मन्दिरलाई तीन तलामा निर्माण गर्न लगाएका हुन् ।<br>❑ ङातापोल र भैरवनाथ मन्दिर अवस्थित क्षेत्र (टौमढी) भ्रमण गराउने ।<br>❑ ङातापोल र भैरवनाथ मन्दिरको चित्र कोर्न लगाउने ।<br>❑ ती चित्रहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | चित्र तथा श्रव्यदृश्य ।<br><br>चित्रहरू | १. ङातापोल र भैरवनाथ मन्दिरको चित्र कोर्नुहोस् ।<br><br>२. ङातापोल, भैरवनाथ मन्दिरको छोटो परिचय दिनुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९. स्थानीय व्यवसाय, सीप र प्रविधि**<br>(क) कृषि औजार | १. स्थानीय कृषि औजारहरूको नाम बताउन ।<br><br>२. ती औजारहरू चिन्न तथा चित्र कोर्न । | कोल्हँ (खर्पन) पाखिप, नो, सलिंचा, खुईं, हासा (नाङ्लो) आदिको चित्रसहितको सामान्य परिचय | ❑ कृषि औजारहरूको वास्तविक औजार वा चित्र अवलोकन गर्न लगाई औजारहरूको पहिचान गर्न लगाउने ।<br>❑ कुन साधनको प्रयोग केमा गरिन्छ, समूहमा छलफल गरी भन्न लगाउने ।<br>❑ कोल्हँ, पाखिप, नो, सलिंचा, खुईं, हासा जस्ता औजारहरूको चित्र देखाई यसको महत्त्व तथा फाइदाबारे छलफल गर्ने ।<br>❑ कोल्हँ, पाखिप, नो, सलिंचा, खुईं, हासा जस्ता कृषि औजारहरूको चित्र कोर्न लगाउने र सामान्य परिचय दिने ।<br>– जस्तै : कोल्हँ (खर्पन) मानिसले आफ्नो काँधमा बोकेर सामान आसार्न प्रयोग गरिने एक प्रकारको तराजु जस्तो देखिने साधन हो । कोल्हँको प्रयोग मुख्यतया किसानले कृषिका सामानहरु जस्तै : तरकारी फलफूल, दाउरा, निर्माण सामग्री जस्तो चीजहरु खेतबाट घरसम्म वा एक ठाउँबाट अर्को ठाउँसम्म पुर्याउनका लागि प्रयोग गरिन्छ ।<br>❑ पाखिपलाई नेपालीमा डोरी भनिन्छ । पाखिप विशेषगरी कोल्हँलाई बाँध्न तथा अन्य घरेलु प्रयोगको लागि उपयोग गरिन्छ ।<br>❑ नो भनेको बाँसको लठ्ठी वा काठ हो । यो पनि कोल्हँलाई काँधमा बोक्ने प्रयोग गरिन्छ ।<br>❑ सलिंचा भन्नाले नाङ्लो आकारको तर प्वालप्वाल भएको साधन भन्ने बुझिन्छ । यसलाई नेपालीमा चाल्नो भनिन्छ । संलिचामा प्वाल भएकोले गहुँबाट ढुङ्गा, भुस, धुलो र अन्य हल्का फोहर आदि छान्न प्रयोग गरिन्छ । | वास्तविक साधन वा चित्र | १. कोल्हँ (चकोल्हँ, बाचाकोल्हँ, गकोल्हँ) पाखिप, नो (बाला, गो), सलिंचा, खुईं, हासाको चित्र बनाउनुहोस् ।<br><br>२. छलफल र अवलोकनका कुरालाई श्रेणीमापन गरी मूल्याङ्कन गर्ने । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ खुई विशेष गरी धान सुकाउँदा प्रयोग गरिन्छ । धानलाई घाममा सुकाउँदा सुकेको माथिल्लो तहलाई विस्तारै खुईंको प्रयोग गरी एक ठाउँमा जम्मा गरिन्छ ।<br>❑ हासालाई नेपालीमा नाङ्लो भनिन्छ । यो नेवारी समुदाय एवम् अन्य समुदायमा पनि दैनिक प्रयोग हुने घरेलु साधन हो । यो अन्न केलाउन र सफा गर्नका लागि प्रयोग गर्ने एक प्रकारको फराकिलो, समतल र गोलो साधन हो । यो बाँसको पातलो चिराहरुलाई बुनेर बनाइएको हुन्छ ।<br>❑ स्थानीय खेत वा बारीमा काम गरिरहेको ठाउँमा लगी सामग्री प्रयोगको अवस्था अवलोकन गर्न लगाउने । | | | |
| (ख) माटाका सामानहरू | १. माटोबाट पालाचा, चरा र देवा बनाउन । | पालाचा, चरा, देवा | ❑ माटोबाट के के सामानहरू बनाउन जान्दछौं ? भनी सोध्ने ।<br>❑ सबै विद्यार्थीहरूलाई माटो दिएर आफूलाई मनमर्ने सामान बनाउन लगाउने र के बनाएको हो सोध्ने ।<br>❑ माटोबाट पालाचा,चरा, देवा बनाउन सिकाउने<br>❑ माटोबाट बनाइएको सामानको तस्वीर वा श्रव्यदृश्य देखाउने ।<br>❑ सम्भव भएमा तालाव्वस्थित प्रजापतिले माटोका भाँडाकुँडा बनाउने स्थानमा लगेर देखाउने ।<br>❑ उनीहरूले बनाएका सामानहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | तस्वीरहरू, भिडियो क्लिप्स | अवलोकन गर्ने | ५ |
| (ग) लुगाफाटा | १. प्वाकलं, लःपुसा, मचा तपुलीको परिचय दिन | ❑ प्वाकलं, लःपुसा, मचा तपुलीको परिचय | ❑ विद्यार्थीहरूसँग तपाईंहरू घरमा के के लुगा लगाउनुहुन्छ ? भनी प्रश्न गर्ने ।<br>❑ प्वाकलं, लःपुसा, मचातपुली क–कसको घरमा लगाइन्छ ? भनी प्रश्न गर्ने ।<br>❑ यी लुगाहरूको चित्रसहित परिचय दिने ।<br>❑ सम्भव भएमा सिलाई पसलमा लगेर यी लुगाहरू बनाएको अवलोकन गर्न लगाउने ।<br>❑ यी लुगाहरूको चित्र कोर्न लगाउने र सामान्य परिचय दिने । | तस्वीरहरू | १. प्वाकलं, लःपुसा, मचा तपुलीको परिचय दिनुहोस् । | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | २. प्वाकलं, लःपुसा, मचा तपुलीको चित्र कोर्न । | ❑ प्वाकलं, लःपुसा, मचा तपुलीको चित्र | ❑ जस्तै : प्वाकलंलाई नेपाली भाषामा भोटो भनिन्छ । यो विशेषगरी ससाना बच्चाहरुलाई लगाउने भित्रि वस्त्र हो । यो परम्परागत बाहुला नभएको माथिबाट लगाइने वस्त्र हो ।<br>❑ लःपुसा भनेको ससाना बच्चाहरुलाई घाँटीमा लुगा माथि लगाई दिने सानो वस्त्र हो । विशेष गरी २ वर्षसम्मका बच्चाहरुको मुखबाट र्‍याल आइरहने र त्यसले बच्चाहरुलाई विभिन्न रोग लाग्न नदिन लःपुसा लगाई दिने गरिन्छ ।<br>❑ मचातपुली भनेको बच्चाहरुलाई लगाइदिने एक प्रकारको टोपी हो । यो टोपीले बच्चाहरुको आँखा, नाक, मुख बाहेक कान, टाउको र घाँटीसमेत छोप्ने गर्दछ । मचातपुलीले बच्चाहरुलाई चिसोबाट बचाउँछ ।<br>❑ उनीहरूले कोरेका चित्रहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | | २. प्वाकलं, लःपुसा, मचा तपुलीको चित्र कोर्नुहोस् । | |
| **९.** (घ) खाद्य परिकार | १. तस्मी (खीर), ग्वार्चा (पानीरोटी), माय्गोजा (जाउलो) को परिचय दिन । | ❑ तस्मी (खीर), ग्वार्चा (पानीरोटी), माय्गोजा (जाउलो) को परिचय<br>❑ तस्मी (खीर), ग्वार्चा (पानीरोटी), माय्गोजा (जाउलो) बनाउन आवश्यक सामग्रीहरूको सूची जस्तै :– तस्मी बनाउन चामल, दूध, चिनी, पानी मसलाहरू, आदि । | ❑ विद्यार्थीहरूलाई आ–आफ्नो घरमा खाने खाद्य परिकारहरू भन्न लगाउने ।<br>❑ तस्मी (खीर), ग्वार्चा (पानीरोटी), माय्गोजा (जाउलो)को परिचय दिने ।<br>❑ तस्मी (खीर), ग्वार्चा (पानीरोटी), माय्गोजा (जाउलो) कसैले खानुभएको छ ? भनी सोध्ने ।<br>❑ यी खाद्य परिकारले हाम्रो शरीरलाई दिने फाइदाहरू बताउने ।<br>❑ जस्तै : तस्मीलाई नेपाली भाषामा खीर भनिन्छ । तस्मी विशेषगरी चाडपर्व, पूजापाठ, विवाह, भेज तथा अन्य शुभ अवसरहरुमा बनाइन्छ । तस्मी बनाउन मुख्यतया चामल, दुध र चिनी प्रयोग गरिन्छ । यसमा थप स्वाद र बास्नाका लागि विभिन्न सामग्रीहरु राखिन्छ जस्तै : सुखा फलफूलहरु (किसमिस, काजु, बदाम, नरिवल र | चित्र तथा भिडियो क्लिप्स् | १. खीर, ग्वार्चा (पानीरोटी), माय्गोजा, (जाउलोको परिचय दिनुहोस् ।<br><br>खीर, ग्वार्चा (पानीरोटी), माय् गोजा (जाउलो) मध्ये तपाइँलाई कुन खाद्य परिकार मनपर्छ र किन ? | ६ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | २. तस्मी (खीर), ग्वार्चा (पानीरोटी), माय्‌गोजा (जाउलो) बनाउन आवश्यक सामग्रीहरूको सूची बनाउन । | – ग्वार्चा (पानीरोटी) बनाउन पीठो, पानी घिउ, आदि<br>– माय्‌गोजा बनाउन चामल, मासको दाल, बेसार, नुन आदि । | मसलाहरु (अलैंची, दालचिनी, तेजपत्ता, केसर आदि । तस्मी खानाले शरीरलाई तागत दिन्छ ।<br>❑ ग्वार्चालाई नेपाली भाषामा पानीरोटी पनि भनिन्छ । नेवारी समुदायमा भातको सत्ता ग्वार्चा खाने चलन छ । ग्वार्चा बनाउन सबैभन्दा पहिला पानी तताएर त्यसमा मुछेको गहुँको पीठोलाई ससाना टुक्रा गरी तातोपानीमा हालिन्छ । स्वाद अनुसार अन्य तरकारी र मसला हाली पकाउन सकिन्छ । यो अत्यन्त स्वस्थवर्धक हुन्छ ।<br>❑ माय्‌गोजालाई नेपाली भाषामा जाउलो भनिन्छ ।जाउलो मुख्यतया चामल र दाल मिसाएर तयार पारिन्छ । यसलाई विरामी, वृद्धवृद्धा र साना बालबालिकाका लागि उत्कृष्ट खाना मानिन्छ । किनभने यो पचाउन सजिलो हुन्छ र शरीरलाई ऊर्जा तथा पोषण प्रदान गर्छ ।<br>❑ जङ्क फुड (पत्रु खाना) ले गर्ने बेफाइदाहरू पनि बताउने ।<br>❑ तस्मी (खीर), ग्वार्चा (पानीरोटी), माय्‌गोजा (जाउलो) बनाउन आवश्यक सामग्रीहरूको सूची तयार गर्न लगाउने ।<br>❑ जस्तैः तस्मी बनाउन चामल, दूध, चिनी, मसलाहरू, पानी आदि ।<br>❑ ग्वार्चा (पानीरोटी) बनाउन पीठो, पानी घिउ, आदि ।<br>❑ माय्‌गोजा बनाउन चामल, मासको दाल, बेसार, नून आदि ।<br>❑ यी परिकारहरू विद्यालयमा बनाएर देखाउने र खुवाउने । | चित्र तथा भिडियो क्लिप्स् | १. खीर, ग्वार्चा (पानीरोटी), माय्‌गोजा, जाउलोको परिचय दिनुहोस् ।<br><br>२. खीर, ग्वार्चा (पानीरोटी), माय्‌गोजा, जाउलोमध्ये तपाईंलाई कुन खाद्य परिकार मनपर्छ र किन ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१०. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि** | १. भान्छामा प्रयोग हुने विशेष प्रकारको मसलाजन्य कुनै पाँच जडीबुटीहरूको सूची तयार गर्न । | विशेष प्रकारको मसलाजन्य स्थानीय जडीबुटीहरू जस्तैः इमु (ज्वानो), तेजपात, जिः (जिरा), मन्ता (खुर्सानी), हामो (तील), तगोजीः (सुप), कागती, मले (मरिच) आदि । | ❑ तपाईंको भान्छामा दैनिक र कहिलेकाहीँ के के मसलाहरू प्रयोग गरिन्छ ? भनी प्रश्न सोध्ने ।<br>❑ उनीहरूबाट आएका उत्तरहरू सेतोपाटीमा टिप्ने र तिनीहरूमध्ये कुनकुन मसला दैनिक र कहिलेकाही प्रयोग गरिन्छ छुट्याउने ।<br>❑ ती मसलाहरूको उपयोग बताउने जस्तैः इमु (ज्वानो), तेजपात, जिः (जिरा), मन्ता (खुर्सानी), हामो (तील), तगोजीः (सुप), कागती, पाचन शक्ति, रुघा कम गर्ने, मले (मरिच), पेट सम्बन्धी समस्या हटाउने<br>❑ नाम अनुसारका मसलाहरू पहिचान गर्न लगाउने ।<br>❑ कुन मसलाजन्य जडीबुटीले के काम गर्न चित्रको सहयोग लिई बताउने ।<br>❑ मसलाजन्य जडीबुटीबारे घरमा पनि छलफल गर्न लगाउने ।<br>❑ मसलाजन्य जडीबुटीबारे घरमा सोधेर आउन लगाई कक्षामा पनि छलफल गर्न लगाउने । | वास्तविक जडीबुटीहरू वा चित्रहरू | १. जडीबुटीहरूको सङ्ग्रह किताब बनाउनुहोस् ।<br>२. भान्छामा दैनिक र कहिलेकाहीँ प्रयोग हुने कुनै पाँचवटा मसलाहरूको नाम लेख्नुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **११. स्थानीय खेल** | बालगीतसहितका खेलहरू खेल्न | हि गुली वला ?<br>वं वा थ्वं वा<br>(आसपास) | ❑ सर्वप्रथम विद्यार्थीहरूसँग स्थानीय पुराना खेलहरूबारेमा छलफल गर्ने ।<br>❑ चउरमा लगी बालगीतसहितका खेलहरू खेलाउने । हिगु लि वला र वंवा थौंवा (आस पास)<br>❑ खेल खेलाउनु अघि खेल खेल्ने नियम राम्ररी बुझाउने ।<br>❑ खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने<br>❑ विद्यार्थीहरूले क-कसले राम्रो खेले/नखेलेको रेकर्ड राख्ने ।<br>❑ खेलसँगै गीत पनि गाउन लगाउने ।<br>❑ घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने । | आवश्यक सामग्रीहरू | अवलोकन | ६ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१२. स्थानीय पर्यटन** | १. पर्यटनको परिचय दिन । | पर्यटनको परिचय | ❑ पर्यटकको बारेमा विद्यार्थीहरूबीचमा छलफल गरी त्यसका प्रकारहरूबारे बताउने ।<br>❑ ख्वपको कुनै ठाउँमा लगी विभिन्न देशका पर्यटकहरू घुम्न आएको देखाउने ।<br>❑ पर्यटकसँग सम्बन्धित विभिन्न श्रव्य दृश्यहरू देखाई छलफल गराउने ।<br>❑ पर्यटनको परिचय दिने ।<br>❑ पर्यटन व्यवसायबारे बताउने । | – तस्वीरहरू (पयर्टन र पर्यटन व्यवसाय)<br>– भिडियो क्लिप्स | १. पर्यटन भनेको के हो ? कुनै २ वटा पर्यटन व्यवसाय भन्नुहोस् । | ३ |
| | २. ख्वपमा आउने पर्यटकहरूमध्ये कुनै दश वटा देशको नाम भन्न । | ख्वपमा आउने विभिन्न देशका पर्यटकहरूजस्तै चीन, भारत, जापान, कोरिया, अमेरिका, फ्रान्स, बेलायत आदि | ❑ ख्वप नगरमा घुम्न आउने पर्यटकहरूको देशको नाम सङ्कलन गराउन लगाउने<br>❑ भक्तपुर मासिक पत्रिकाको अन्तिम पृष्ठमा रहेको महिनागत पर्यटकको विवरण देखाउने ।<br>❑ तस्वीर देखाई विभिन्न देशका पर्यटकहरू चिनाउने ।<br>❑ पर्यटकहरूको मात्र कोलाज बनाउन लगाउने । | – तस्वीरहरू<br>– ख्वपमा आउने पर्यटकहरूको विवरण<br>– पत्रपत्रिका | २. विभिन्न पत्रिकाहरू सङ्कलन गरी पर्यटकको तस्वीरहरू काटी कोलाज बनाउनुहोस् ।<br>३. ख्वपमा आउने कुनै १० वटा देशको नाम बताउनुहोस् । | ४ |

स्थानीय पाठ्यक्रम – २०८२

# समष्टिगत मूल्याङ्कन अभिलेख कक्षा – २

| एकाइ | विषयहरु | पाठ्यभार | सिकाइ उपलब्धि | | विद्यार्थीको प्राप्तांक | सिकाइ उपलब्धि प्रतिशत | समग्र उपलब्धिस्तर |
|---|---|---|---|---|---|---|---|
| | | | संख्या | पूर्णांक | | | |
| १ | 'ख्वप दे'को चिनारी | | | | | | |
| २ | ख्वपको इतिहास | | | | | | |
| ३ | स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | | | | | | |
| ४ | स्थानीय बोलीचाली र लिपि | | | | | | |
| ५ | व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा | | | | | | |
| ६ | स्थानीय विविध संस्कृति | | | | | | |
| ७ | प्रचलित स्थानीय संस्कारहरू | | | | | | |
| ८ | स्थानीय कला र सम्पदाहरू | | | | | | |
| ९ | स्थानीय व्यवसाय, सीप र प्रविधि | | | | | | |
| १० | स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | | | | | | |
| ११ | स्थानीय खेल | | | | | | |
| १२ | स्थानीय पर्यटन | | | | | | |
| | जम्मा | १६० | | | | | |

तयार गर्ने :
नाम :
दस्तखत :
मिति :

प्रमाणित गर्ने :
नाम :
दस्तखत :
मिति :

## निरन्तर मूल्याङ्कन प्रणाली कक्षा – २

## विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख पुस्तिका

१. प्रत्येक विद्यार्थीले विषयक्षेत्रका सिकाइ उपलब्धिमा केन्द्रित उपलब्धि हासिल गरे नगरे भन्ने विषयमा पहिचान गरी आवश्यकता अनुसार सिकाइमा थप सहयोग प्रदान गर्ने ।

२. विद्यार्थीको सिकाइ उपलब्धिलाई तलको तालिकाअनुसार १ देखि ४ स्तरमा रेटिङ गरी विषयक्षेत्र अनुसारको सिकाइ उपलब्धिमा अभिलेख गर्ने ।

**विद्यार्थीको उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या**


| उपलब्धि स्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएमा । |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको । |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको । |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको । |

- प्रत्येक सिकाइ उपलब्धि मापनपछिको नतिजा विद्यार्थीहरुलाई जानकारी गराई थप सुधारको लागि प्रोत्साहन गर्ने ।
- सम्बन्धित विद्यार्थीको प्रत्येक पाठको सिकाइ उपलब्धिको बारेमा अभिभावक र शिक्षकले छलफल गरी आवश्यकताका आधारमा सिकाइ सुधारका लागि पहल गर्ने ।
- प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुग्ने गरी सुधारात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- एउटा पाठको सुधारात्मक शिक्षण सिकाइ सकिएपछि त्यसको प्रत्येक विद्यार्थीहरुको देहायबमोजिम उपलब्धि प्रतिशत निकाल्नुपर्दछ ।

$$\text{पाठगत उपलब्धि \%} = \frac{\text{उपलब्धिस्तरको अङ्कहरुको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएको सिकाइ उपलब्धि सङ्ख्या}} \times \text{१००}$$

माथिबाट आएको पाठगत उपलब्धिस्तरको प्रतिशतलाई तपसिल अनुसार ग्रेडमा बदल्नुपर्दछ ।

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (outstanding) |
| २. | ८० र सोभन्दा माथि र ९० भन्दा कम | ३.६ | A+ | अत्युत्तम (Excellent) |
| ३. | ७० र सोभन्दा माथि र ८० भन्दा कम | ३.२ | A | उत्कृष्ट (very good) |
| ४. | ६० र सोभन्दा माथि र ७० भन्दा कम | २.८ | B+ | उत्तम (good) |
| ५. | ५० र सोभन्दा माथि र ६० भन्दा कम | २.४ | B | सन्तोषजनक (Satisfactory) |
| ६. | ४० र सोभन्दा माथि र ५० भन्दा कम | २.० | C+ | ग्राह्य (Acceptable) |
| ७. | ३५ र सोभन्दा माथि र ४० भन्दा कम | १.६ | C | आधारभूत (No) |
| ८. | ३५ भन्दा कम | – | NG | अवर्गीकृत (Not Graded) |


ल्हासापाको सरस्वतीस्थानमा श्रीपञ्चमी मनाउँदै


श्रीपञ्चमी मनाउँदै



क्यूतापूजा गरिँदै



श्रामणेर प्रव्रज्या कार्यक्रम